# स्थानीय राजपत्र

खण्डः १ संख्याः १३ प्रकाशित मितिः२०७९/११/१५

**भाग-२**

**तुम्बेवा गाउँपालिकाद्वारा प्रकाशित**


# एम्बुलेन्स सेवा संचालन तथा ब्यबस्थापन गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७९/११/११

आज्ञाले,

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

# एम्बुलेन्स सेवा संचालन तथा ब्यबस्थापन गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९

(गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति: २०७९/११ / ११)

## तुम्बेवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**मौवा, पाँचथर**

**प्रदेश नं. १, नेपाल**

# एम्बुलेन्स सेवा संचालन तथा ब्यबस्थापन गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९

प्रस्तावना :- तुम्बेवा गाउँपालिका पाँचथर अन्तर्गत स्वास्थ्य चौकि मौवामा रहेको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन गर्नको लागि  कानूनी ब्यबस्था गर्न वान्छनिय भएकोले तुम्बेवा गाउँपालिका, पाँचथरको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ३ बमोजिम तुम्बेवा गाउँपालिकाले यो नियमावली बनाएको छ।

**१) संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यो नियमावलीको नाम :- "एम्बुलेन्स सेवा संचालन तथा ब्यबस्थापन गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली-२०७९" रहेको छ I

(ख) यो नियमावली तुम्बेवा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रशासकीत भएको मितिबाट प्रारम्भ हुनेछ I

२) **परिभाषा :-**

बिषय वा प्रसङ्गले आर्को आर्थ नलागेमा यस यस नियमावलीमाः-

(क)'एम्बुलेन्स' भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पर्छ I

(ख) 'एम्बुलेन्स जनशक्ति' भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ I

(ग) 'गाउँपालिका' भन्नाले तुम्बेवा गाउँपालिका लाई सम्झनु पर्छ I

(घ) 'सेवा शुल्क' भन्नाले  यस नियमावली बमोजिम तोकिएको भाडादर  एम्बुलेन्स प्रयोग गरे बापत सेवाग्राहीले बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ I

(ङ) 'सेवा' भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ I

(च) 'समिति' भन्नाले " यस नियमावलीको निमम ३ को (१) र (२) बमोजिमको समिति सम्झनुपर्दछ।

(छ)  'लक्षित समुह' यस नियमावली बमोजिम तोकिएको समूहलाई सम्झनुपर्दछ।

(ज)  'नि:शुल्क' भन्नाले यस नियमावली बमोजिम तोकिएको लक्षीत समूहलाई सम्झनुपर्दछ।

**३) एम्बुलेन्स सेवा  संचालन तथा व्यवस्थापन समितिलाई सहजिकरण गर्न देहाय बमोजिम एम्बुलेन्स सेवा अनुगमन तथा सहजिकरण समिति :-**

एम्बुलेन्स सेवाको अनुगमन तथा व्यवस्थापनको लागि   देहायको पदाधिकारिहरु रहेको गाउँपालिका स्तरीय एम्बुलेन्स सेवाको अनुगमन तथा व्यवस्थापन समिति रहनेछ I

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) कार्यपालिका सदस्य (महिला १/दलित-१) | - सदस्य |
| (घ) स्थानीय रेडक्रस सोसाईटी प्रतिनिधि | -सदस्य |
| (ङ) स्वास्थ्य संयोजक | - सदस्य सचिब |

**४) एम्बुलेन्स सेवा संचालन तथा ब्यबस्थापन समिति:-**

एम्बुलेन्स सेवा संचालन तथा ब्यबस्थापन समिति देहाय बमोजिमको रहनेछ :-

(क) स्वास्थ्य शाखाको अधिकृतस्तर कर्मचारी - संयोजक
(ख) राजस्व तथा आर्थिक प्रशाशन शाखा प्रमुख - सदस्य
(ग) प्राबिधिक शाखा प्रमुख - सदस्य
(घ) सार्बजनिक खरिद तथा सम्पति ब्यबस्थापन उपशाखा - सदस्य
(ङ) सम्बन्धित वडाको स्वास्थ्य चौकी प्रमुख - सदस्य सचिब

(१) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन गर्न कुनै संस्थालाई हस्तान्तरण गर्नु पर्ने भएमा सो सस्थासंग गाउँपालिकाले सम्झौता गरि हस्तान्तरण गर्नेछ ।

(२) नियम (३) र (४) बमोजिम समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेके मानिनेछ ।

(३) समितको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**(५) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार :-**

(१) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र ब्यबस्थित रुपमा संचालन गर्ने, गराउने ।
(ख) एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने ।
(ग) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा ब्यबस्थापन गर्ने ।
(घ) गाउँपालिकाको निर्णय अनुसार एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।
(ङ) एम्बुलेन्स मर्मत सम्मारको लागि यकिन गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।
(च) चालकले सेवा शुल्क बैंकमा दाखिला गरे नगरेको यकिन गर्ने ।
(छ) एम्बुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स संचालनको सुनिस्चता गर्ने ।
(ज) सेवा प्राबाह स्तिथिको अध्यावधिक विवरण सहितको प्रतिबेदन प्रत्येक बर्षको असार मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्ने ।

**(६) एम्बुलेन्स जनशक्तिको व्यवस्था:-**

(१) एम्बुलेन्स संचालनको लागि एक जना हल्का सवारी चालक प्रथम तह वा सो सरह सेवा करारमा भर्ना गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभब तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्बन्धि सम्पुर्ण कार्य गाउँकार्यपालिकाको कार्यालयले प्रचलित कानूनको रित पुऱ्याई गर्नेछ ।

(३) एम्बुसेन्समा खटिने जनशक्तिको परिश्रमिक र अन्य सुबिधा समितिको सिफारिसमा गाउँकार्यपालिकाले तोके बमोजिम गाउँकार्यपालिकाले नै माषिक रुपमा भुक्तानी हुनेछ ।

(४) एम्बुलेन्समा खटिने कर्मचारीको बिमा नियम बमोजिम गरिनेछ साथै तेश्रो पक्ष बिमा र प्रिमियम बापतको रकम समेत यसै नियमावली बमोजिम गाउँकार्यपालिकाले व्यहोरिने छ ।

(५) सेवा करार भङ्ग गर्न सकिने: एम्बुलेन्स चालकको काम सन्तोषजनक नभए समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयको निर्णय बमोजिम सेवा करार भङ्ग गर्न सकिनेछ ।

**(७) <u>मर्मत सम्भार तथा सेवा शुल्क सम्बन्धि ब्यबस्था :-</u>**

(१) अर्को व्यवस्था नभएसम्म सेवाग्राहीले एम्बुलेन्स सेवा लिदा देहाय बमोजिमको सेवा शुल्क एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिलाई बुझाउनु पर्नेछः-

| क्र.स. | सडकको प्रकार | प्रति कि.मि. दररेट | कैफियत |
|---|---|---|---|
| १ | कच्ची सडक पहाडी क्षेत्रको हकमा | रु. १५०/- | |
| २ | कच्ची सडक तराई क्षेत्रको हकमा | रु.६०/- | |
| ३ | पक्की सडक  पहाडी क्षेत्रको हकमा | रु. १००/- | |
| ४ | पक्की सडक तराई क्षेत्रको हकमा | रु.५०/- | |

**<u>पालिका भन्दा बाहिरको सेवाग्राहीको हकमा निम्न बमोजिम प्रति कि.मि. दररेट हुनेछ I</u>**

<u>निम्न :-</u>

| क्र.स. | सडकको प्रकार | प्रति कि.मि. दररेट | कैफियत |
|---|---|---|---|
| १ | कच्ची सडक पहाडी क्षेत्रको हकमा | रु. १६०/- | |
| २ | कच्ची सडक तराई क्षेत्रको हकमा | रु.७०/- | |
| ३ | पक्की सडक  पहाडी क्षेत्रको हकमा | रु. ११०/- | |
| ४ | पक्की सडक तराई क्षेत्रको हकमा | रु.६०/- | |

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार खर्च तुम्बेवा गाउँकार्यपालिकाले गर्नेछ I

(३) तुम्बेवा गाउँपालिका भित्रका गर्भवती, सुत्केरी तथा क र ख बर्गका अपाङ्गता परिचय-पत्र भएका व्यक्तिहरुलाई नि:शुल्क रुपमा एम्बुलेन्स सेवा प्रदान गरिने छ I तर उक्त सेवा गाउँपालिका अन्तर्गतका सम्पुर्ण वडाहरुबाट गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्था सम्म र थप उपचारको लागि स्वास्थ्य संस्थाबाट  प्रेषण भई  उपचारको लागि पुगेको  अस्पताल सम्म निशुल्क प्रदान गरेनेछ I

(४) नि:शुल्क सेवा प्रदान गरेको हकमा एम्बुलेन्स सेवा संचालन तथा ब्यबस्थापन समितिले अनुसूची-१ र अनुसूची-२ को ढाचामा गाउँकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ I

(५)  एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचारसंहिता अनुसूची ३ बमोजिम हुनेछ। <u>नि:शुल्क सेवाका लागि संलग्न हुनु पर्ने आवश्यक कागजातहरुः</u>

क.  विवरण सहितको  समितिको निर्णय प्रतिलिपि,

ख.एम्बुलेन्स सेवा शुल्क छुट गरिएको व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ग. नावालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

घ. अपाङ्गता भएको व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

ङ. थप उपचारको लागि प्रेषण भइ अन्यन्त्र गएको हकमा प्रेषण पुर्जा,

(८.) **<u>बिबिध :-</u>**

(१) यो नियमावली आवश्यकता बमोजिम कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

(२) यस नियमावलीमा व्यवस्था भएको प्रावधान प्रचलित कानून सँग बाझिएको हकमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

## अनुसूची - १
(नियम (७) उपनियम (४) बमोजिम)
गर्भवती, सुत्केरी तथा क र ख बर्गका अपाङ्गता परिचय-पत्र भएका व्यक्तिहरुलाई एम्बुलेन्स सेवा शुल्क छुट गरेको विवरण :-

| क्र.स. | लाभग्राहिको नाम | ठेगाना | लिङ्ग | नागरिकता नम्बर | प्रेषण भएको भए प्रेषण गर्ने सस्थाको नाम | प्रेषण गर्नुको कारण | देखि-सम्म | सम्पर्क नम्बर | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

## अनुसूची - २
(नियम (७) उपनियम (४) बमोजिम)
गर्भवती, सुत्केरी तथा क र ख बर्गका अपाङ्गता परिचय-पत्र भएका व्यक्तिहरुलाई एम्बुलेन्स सेवा शुल्क छुट गरेको विवरण :-

| क्र.स. | लाभग्राहिको नाम | ठेगाना | लिङ्ग | नागरिकता नम्बर | लक्षित समूह | भुक्तानी गर्नुपर्ने जम्मा रकम | सम्पर्क नम्बर | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

# अनुसूची ३
## नियम ७ (५) सँग सम्बन्धीत
## एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचारसंहिता

१. राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ लाई पूर्णताः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वासनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपोसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्च स्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफुले लिएको निर्णयहरुमा आफै व्यक्तिगत रुपमा जिम्मेवा र जवाफदेहिता हुनुपर्ने,

६. बिरामिलाई बिच बाटोमा छोड्न नहुने,

७. इमर्जेन्सीको अवस्थामा पनि एम्बुलेन्स चालकले ट्राफिक नियम पालना गरि सवारी चलाउनु पर्ने छ,

८. एम्बुलेन्स सेवा पुऱ्याउने क्रममा पाएका कुनै पनि सूचना गोप्य राख्नु पर्ने तथा बिरामीहरुबाट पाएका जानकारीहरु कुनै तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवा आवश्यक परेमा त्यस्तो सुचनाको बारेमा सम्बन्धित निकायलाई जानकारी दिन सक्ने,

९. पूर्वा-अस्पताल सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुऱ्याउनु पुर्ने,

१०. आफुले उचित देखेको विरामीको गुणस्तरिय सेवामा प्रभाव पर्ने राम्रा पक्षहरुको जानकारी प्रेषण केन्द्रलाई समयमानै जानकारी गराउनु पर्ने,

११. प्रचलित कानूनको पलना गर्ने,

१२. म.................. स्थायी ठेगाना ...................जिल्ला,......... गाउँपालिका वडा नं. ...........ना.प्र.न. ............ चालक लाइसेन्स नं. ........ .............ले माथि उल्लेखित १ देखि ११ सम्मको आचार संहिता अध्ययन गरी स्वीकारी आफ्नो सहमती जनाई सहि छाप गरेको छु , अन्यथा भए कानून अनुसार सहुला भोगुला ।

| <u>चालकको</u> | <u>रोवहरको</u> | <u>प्रमाणीत गर्ने व्यक्तिको</u> |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| मितिः | मितिः | मितिः |